ᤂᤡᤖᤥᤰ ᤔᤠᤱᤔᤠ

# लालीगुराँस नगरपालिका
# LALIGURANS MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

बसन्तपुर, तेह्रथुम, कोशी प्रदेश, नेपाल (BASANTAPUR, TEHRATHUM, KOSHI PROVINCE, NEPAL)

प.सः ०८२/०८३
च.न १३१६

दोश्रो पटक प्रकाशित मितिः २०८३/०३/०४

बिषयः उद्यमशिलता/सीप विकास तालिममा सहभागी हुनेसम्बन्धी सूचना ।

प्रस्तुत् बिषयमा मिति २०८३/०२/०३ मा (प्रथम पटक ) प्रकाशित सूचनाबमोजिम प्राप्त निवेदन तथा स्थानीय उद्यमीहरुको मागलाई समेत मध्यनजर गरी बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको पुँजी र सीपलाइ परिचालन गरी उद्यमशिलता विकास र स्वरोजगार सिर्जना गर्ने मुख्य लक्ष्यका साथ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम व्यवस्थापन निर्देशिका,२०८२ बमोजिम यही मिति २०८३ असार ९ गतेदेखि १९ गते सम्म अर्गानिक/रैथाने कच्चा पदार्थ (कोदोको पिठो, फापरको पिठो, सिस्नोको पिठो आदि) को प्रयोग गरी बेकरी उत्पादनसम्बन्धी तालिम लालीगुराँस नगरपालिका, बसन्तपुरमा सञ्चालन हुन गइरहेको हुँदा लालीगुराँस नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने वैदेशिक रोजगारीबाट फर्किएका उद्यमी बन्न चाहने व्यक्ति र व्यवसायिक सीपको आवश्यकता भएका यसै नगरपालिकाभित्रका अन्य ईच्छुक उद्यमीहरुले मिति २०८३ साल असार ८ गते भित्र तपसिल बमोजिमका कागजातसहित यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

१. सक्कल निवेदन
२. बैदेशिक रोजगारीबाट फर्किएका कागजातहरुको प्रतिलिपि ।
३. पासपोर्ट को प्रतिलिपि ।
४. नागरिकताको प्रतिलिपि ।
५. बिदेशमा रहँदा आर्जन गरेको सीपसम्बन्धी प्रमाण भए सो को प्रतिलिपि ।
६. आफु उद्यमी / स्वरोजगार भएको हकमा आफ्नो व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

निर ब. कार्की
रोजगार संयोजक

८३।०३।०४
..............................
रविन कार्की
प्रमुख प्रशासकीय अधिकृत

रविन कार्की
प्रमुख प्रशासकीय अधिकृत

laligurasnagarpalika@gmail.com www.laliguransmun.gov.np
: 026-402119, 026-402120, 026-402121

"संस्कृति र प्रकृति, हाम्रो सम्पत्ति"